उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

बैठक संख्या -७८

आज मिति २०८०।०४।३१ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ८ | श्री बुटी तामाङ | सदस्य | |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री दिपक प्रसाद अधिकारी | सदस्य सचिव | |

उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको बैठक निर्णय पुस्तिका

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लहरेपौवा, रसुवा बागमती प्रदेश नेपाल

बैठक संख्याः ७८ मितिः २०८०।०४।३१

निर्णयहरुः

१. आ.व. २०७९।८० मा गाउँपालिकाबाट भएका समग्र कार्यहरुको समीक्षा गर्दै यस आर्थिक वर्षमा हुने सेवा प्रवाह र कार्यक्रम कार्यान्वयनलाई थप प्रभावकारी बनाउन वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना तयार गरी २०८० भाद्र १५ गते भित्रमा कार्यपालिकाबाट पारित गरी कार्यान्वयन गर्ने ।

२. गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरुको आ.व. २०८०।८१ को तलबी प्रतिवेदन पारित गरिदिन कोष तथा लेखा नियन्त्रक कार्यालय रसुवालाई अनुरोध गर्ने।

३. रोजगारीको हकसम्बन्धी नियमावली २०७५ को दफा ७(५) बमोजिम कुल १३२ जना बेरोजगार व्यक्तिहरुको अन्तिम सूचि स्वीकृत गर्ने ।

४. यस गाउँपालिकाको आ.व. २०८०।८१ को कार्यक्रम कार्यान्वयनको लागि उपलब्ध भएसम्मको रसुवा जिल्लाको जिल्ला दररेट र बाँकी विषयको सन्दर्भमा नुवाकोट जिल्लाको जिल्ला दररेटलाई प्रयोग गर्ने गरी स्थानीय दररेट कायम गर्ने ।

५. चालु आ व २०८०।८१ को उपभोक्ताबाट हुने कामको लागि जनसहभागिता दर सबै प्रकारका कार्यहरुमा दश प्रतिशत कायम गरी कार्यान्वयन गर्ने ।

६. वडा कार्यालय व्यवस्थापनको लागि मासिक उपलब्ध गराइएको रकम वडा समितिबाट अनुमोदन गराएर मात्र फछ्र्यौट गर्ने ।

७. लम्पी स्कीन रोगबाट मृत्यु भएका पशुवस्तुको लागि सम्बन्धित कृषकलाई आर्थिक सहयोग उपलब्ध गराउने सन्दर्भमा दुधालु पशुको लागि दश हजार र अन्यलाई पाँच हजारका दरले वडा कार्यालय र वडा पशु प्राविधिक सिफारिसको आधारमा विपद व्यवस्थापन शिर्षकबाट भुक्तानी दिन कार्यालयलाई निर्देशन दिने ।

८. विद्यालय दिवा खाजा कार्यक्रम सम्बन्धमा संघीय सशर्त अनुदानबाट प्राप्त हुने रकम र मापदण्ड बमोजिमका कक्षाहरुमा मात्र गाउँपालिकाबाट थप अनुदान व्यवस्थापन गर्ने ।

९. एस इ इ मा जिल्लाभरीबाट प्रथम हुने गाउँपालिकाभित्रको विद्यार्थीलाई पैंतिस हजार र गाउँपालिकाबाट प्रथम हुने छात्र।छात्रा एक एक जनालाई जनही पन्ध्र हजारका दरले पुरस्कारस्वरुप उपयुक्त शिर्षकबाट वार्षिक रुपमा उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने।

१०. उत्तरगया गाउँपालिकाका पूर्वाधार विकास शाखा अन्तरगत कार्यरत प्राविधिकहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८० पारित गर्ने ।